परिशिष्ट "ख"

# श्री भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग जंगी अड्डा

## दरखास्त आव्हान

### (प्रथम पटक प्रकाशित मिति २०७८/०८/०९ गते)

१. मित्रराष्ट्र भारत को Armed Forces Medical College (AFMC), Pune मा सन् २०२१ मा संचालन हुने MBBS कोर्षमा सहभागि हुनको लागि National Eligibility Cum Entrance Test (NEET) Examination परीक्षा उत्तीर्ण गरी NEET-UG Rank Card/Score Card Merit List भएका नेपाली सेनाका बहालवाला तथा भू.पू. सैनिकका छोरा /छोरीहरुबाट योग्य उम्मेदवार छनौट गरी सफलतापूर्वक अध्ययन समाप्त पश्चात फर्की आएपछि नेपाली सेनाको अस्थायी प्राविधिक उप सेनानी पदमा आयुक्त हुन ईच्छुक उम्मेदवारहरु ले मिति २०७८/०८/०९ गतेबाट मिति २०७८/०८/१५ गतेको कार्यालय समयभित्र यस निर्देशनालयमा स्वयं उपस्थित भई दरखास्त पेश गर्न आव्हान गरिन्छ ।

२. **दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरूः** उम्मेदवारहरूले दरखास्त साथ देहाय बमोजिमका प्रमाण -पत्रहरूको प्रतिलिपिहरू पेश गर्नुको साथै दरखास्त दिन आउँदा सक्कल प्रमाणपत्रहरू अनिवार्य रूपमा साथमा लिई आउनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) एस.एल.सी./एस.ई.ई.को लव्धांक पत्र, चारीत्रिक प्रमाण-पत्र र प्रोभिजनल प्रमाण-पत्र ।

(ग) विज्ञान विषय लिएको, प्रमाण–पत्र तह वा सो सरहको लव्धांक पत्र, चारीत्रिक प्रमाण-पत्र तथा प्रोभिजनल प्रमाण-पत्र ।

(घ) त्रिभुवन विश्व विद्यालय बा हेक अन्य विश्व विद्यालयबाट अध्ययन गरेको भएमा त्रिभुवन विश्व विद्यालयको समकक्षताको प्रमाण-पत्र ।

(ङ) उम्मेदवारहरुले हालसालै खिचेको पुरै मुखाकृति देखिने पासपोर्ट साईजको फोटो प्रति-२ (दुई पेश गर्नुपर्ने छ ।

(च) नाता प्रमाणित प्रमाण-पत्र ।

(छ) भू.पू. सैनिकका छोरा छोरीको हकमा अभिभावकको निवृत्तीभरण पट्टाको प्रमाणित प्रतिलिपि ।

(ज) National Eligibility Cum Entrance Test (NEET) Examination परीक्षा उत्तीर्ण गरी NEET-UG Rank Card/Score Card Merit List ।

३. **आवश्यक योग्यताः**

(क) नेपाली सेनाको बहालवाला तथा अवकाश प्राप्त व्यक्तिको छोरा /छोरी हुनु पर्नेछ ।

(ख) National Eligibility Cum Entrance Test (NEET) Examination परीक्षा उत्तीर्ण गरी NEET-UG Rank Card/Score Card Merit List प्राप्त गरेको हुनु पर्नेछ ।

४. **उमेरः** १७ वर्ष पुरा भई २ ३ वर्ष ननाघेको अविवाहित हुनु पर्नेछ । (दरखास्त बुझाउने अन्तिम मितिसम्म)

५. **शारीरिक योग्यताः** शारीरिक योग्यता निम्न बमोजिम हुनु पर्नेछ ।

(क) **उचाई** पु रूषः न्यूनतम ५ फिट ३ ईन्च

महिलाः न्यूनतम ५ फिट

६. **छनौट परीक्षाः** यस निर्देशनालयले संचालन गर्ने प्रारम्भिक छनौट परीक्षा निम्न अनुसार हुनेछ ।

(क) वियरिङ्ग परीक्षा (ख) विस्तृत स्वास्थ्य परीक्षण (ग) **Aptitude Test**/बोर्ड अन्तरवार्ता

७. **दरखास्त दस्तुरः** दरखास्त फाराम बुझाउंदा उम्मेदवारहरुले दरखास्त दस्तुर रु .१,००० एक) -/ (हजार श्री नेपाल बैक लिमिटेडको खाता नम्बर ००१०१००००००००१००१००१ (कार्यालय कोड ३४५०१३५१३ र राजश्व शिर्षक नं.१४२२४) मा जम्मा गर्नु भई सो को सक्कल भौचर तथा प्रतिलिपि प्रति १/१ (एक/एक) दरखास्त फाराम साथ पेश गर्नु पर्नेछ ।

८. **सम्पर्क मिति र स्थानः** २०७८०/८/१६ गतेको ११०० बजे दरखास्त पेश गरेको स्थान (भर्ना छनौट निर्देशनालय) मा उम्मेदवार स्वयम् अनिवार्य उपस्थित हुनु पर्नेछ ।

९. मित्रराष्ट्र भारतबाट बिभिन्न मित्रराष्ट्रहरुलाई छुटयाइएको भ्याकेन्सीहरु मध्ये **NEET Merit** को आधारमा **AFMC** बाट नै अन्तिम छनौट हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

१०. यो विज्ञापनको विस्तृत विवरण नेपाली सेनाको वेबसाईट **www.nepalarmy.mil.np** को **JOIN THE ARMY** मा गई **Recruitment & Selection** तथा **Android Mobile** मा चल्ने **Nepali Army Apps** को **Vacancy Notice** मा समेत हेर्न सकिने छ । विज्ञापन सम्बन्धी थप जानकारी लिनु परेमा श्री भर्ना छनौट निर्देशनालय जङ्गी अड्डा , कार्यरथी विभाग ,को फोन नम्बर ०१ -४२४६९५० वा मोवाईल नम्बर ९८६३०३१५६१मा सम्पर्क(कार्यालय समयभित्र) राख्न सकिनेछ ।